# अरनिको राजमार्ग तथा सहायक सडकपेटी खाली गराउने सम्बन्धि सार्वजनिक सूचना !

मिति : २०७६/०६/२७

यस पाँचखाल नगरपालिका क्षेत्रभित्र अरनिको राजमार्ग तथा आसपासका सडकक्षेत्रभित्र रहेका निर्माण सामग्री, व्यापारिक सामाग्री, पुराना सवारीसाधन, साइकल व्यापार, ठेला तथा घुम्ती पसल लगायत छाडा चौपायाहरु हटाई सडक पेटी, फूटपाथ तथा अन्य अव्यवस्थित पार्किङलाई व्यवस्थित गर्ने कार्य भैरहेको हुँदा २०७६ कार्तिक १ गतेभित्र सडक पेटी तथा फूटपाथ खाली गर्नु/गराउनु हुन सबै सरोकारवालाहरुमा अनुरोध गरिन्छ । उक्त अवधिभित्र पनि अटेर गरी सामाग्री नहटाएमा प्रचलित कानुन अनुसार जरिवाना तथा सामग्री जफत समेत गरिने व्यहोरा जानकारी गराइन्छ ।

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक